आज मिति २०८३ साल असोज महिनाको २९. गतेका दिन डोल्पो बुद्ध गाउँपालिकाका अध्यक्ष श्री कार्मा छोइवेल गुरुङज्यूको अध्यक्षतामा तपसिलका पदाधिकारीहरुको उपस्थितिमा कार्यपालिकाको बैठक वसी निम्न तपसिलका प्रस्तावमा छलफल छलफल गरी निर्णय गरियो ।

<u>उपस्थिति</u>

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | कार्मा छोइवेल गुरुङ | गा.पा. अध्यक्ष | |
| २ | पेम्मा धोर्चे गुरुङ | उपाध्यक्ष | |
| ३ | छिरिङ घुटुर मगर | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | विष्णु प्रसाद वोहोरा | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | लाक्पा तुण्डुप लामा | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | लावाङ गुरुङ | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | कोन्छोक ग्याल्छेन गुरुङ | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | नुर्वु डम्डुल गुरुङ | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | ल्हाप्का भोटे | कार्यपालिका सदस्य | |
| १० | ङिसार भोटे | कार्यपालिका सदस्य | |
| ११ | पुटी गुरुङ | कार्यपालिका सदस्य | Bhuti |
| १२ | छैटोन गुरुङ | कार्यपालिका सदस्य | |
| १३ | टसी पुटी गुरुङ | कार्यपालिका सदस्य | |
| १४ | छिरिङ गुरुङ | कार्यपालिका सदस्य | |
| १५ | श्री हरि बहादुर पोखरेल | सदस्य सचिव | |
| | आमन्त्रित/ सहयोगी | | |
| १ | अमृत खड्का | कृषि विकास अधिकृत | |
| २ | युद्धबहादुर नगरकोटी | कृषि अधिकृत | |
| ३ | भिमसेन वि.क. | प्रा.स. | |
| ४ | डावाङ गुरुङ | रोजगार सहायक | |

गाउँपालिका
कार्यालय
डोल्पा
२०७३

## प्रस्तावहरु.:

1. प्रमुख प्रशासकीय अधिकृतज्यूको स्वागत सम्बन्धमा,
2. विद्यालय पुर्वाधार विकास कार्यक्रम कार्यान्वियका लागि विद्यालय छनौट सम्बन्धमा
3. विद्यालयका लागि स्मार्ट बोर्ड खरिद तथा व्यवस्थापन सम्बन्धमा,
4. अव्यवस्थित बसोबासीको विवरण प्रमाणित सम्बन्धमा,
5. साझेदारीमा सीपमूलक तालिम सञ्चालन सम्बन्धमा,
6. ढुवानी सम्बन्धमा,
7. वर्थिङ सेन्टर सञ्चालन,
8. बैक तथा सुरक्षाकर्मीको सम्बन्धमा,
9. इलाका प्रशासन कार्यालय सञ्चालनका लागि पहल गर्ने सम्बन्धमा,
10. आर्थिक सहयोग सम्बन्धमा ।

निर्णयहरु:

निर्णय नं. १. –

प्रस्ताव नं. १ माथि छलफल गर्दा भूमी व्यवस्था,सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८३।०५।२५ को निर्णय अनुसार राष्ट्रिय योजना आयोग,सिहंदरबार काठमाडौंबाट सरुवा भई यस डोल्पो बुद्ध गाउँपालिकाको प्रमुख प्रशसीकय अधिकृतको जिम्मेवारीमा पाल्नु भएका श्री हरि बहादुर पोखरेललाई औपचारिक रुपमा कार्यपालिकाको बैठकबाट स्वागत गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. २.

प्रस्ताव नं. २- माथि छलफल गर्दा स्विकृत गुरु योजनाका आधारमा स्थानीय तहको साझेदारीमा विद्यालय पुर्वाधार विकास अन्तर्गत स्थानीय तहको साझेदारीमा विद्यालयको भौतिक निर्माण अनुदान कार्यान्ययन गर्नको लागि कार्यक्रम कार्यान्वयन कार्यविधि (स्थानीय तह र प्रदेश तहबाट कार्यान्ययन हुने सशर्त अनुदान अन्तर्गतका कार्यक्रम एवं शिक्षा विकास तथा समन्वय इकाइबाट कार्ययान्ययन हुने कार्यक्रमसँग सम्बन्धित ) २०८३/८४ को दफा ५२ बमोजिम सङ्घीय सशर्त अनुदान ३३ लाख र पालिकाको विद्यालय पूर्वाधार साझेदारीमा ५ लाख गरी कुल ३८ लाख बजेटको परिधिमा रही इन्द्रधनुष आधारभूत विद्यालय, डोल्पोबुद्ध-६,सिमेनमा २ कोठे विद्यालय भवन निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं. ३-

प्रस्ताव नं. १ "उपर छलफल गर्दा सामुदायिक विद्यालयहरुमा Digital सिकाई व्यवस्थापन गरी शैक्षिक गुणस्तरमा अभिवृद्धि गर्नको लागि स्मार्ट बोर्ड खरिद गरि देहाय बमोजिमा विद्यालयमा वितरण गर्ने निर्णय गरियो।

तपसिल

| क्र.स. | विद्यालयको नाम | कैफियत |
|---|---|---|
| १ | क्रिष्टल माउन्टेन मा.वि. डोल्पोबुद्ध- ३, डोल्पा | |
| २ | इन्द्रधनुष आ.वि. डोल्पोबुद्ध- ६, डोल्पा | |
| ३ | सिद्धार्थ कुला आ.वि. डोल्पोबुद्ध- ५ | |

प्रमुख प्रशासकीय अधिकृत

डोल्पो बुद्ध गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय धो, डोल्पा २०७३

निर्णय नं. ४-

प्रस्ताव नं. ४ "उपर छलफल गर्दा सरकारी, ऐलानी, वा सरकारी अभिलेखमा वन जनिएको भएतापनि १० वर्ष देखि आवाद गरी बसोबास गरेका वा जग्गाको स्वामित्वसहितको बसोबास उपलब्ध नभएको भनि वडा कार्यालयमा पेश भएका निवेदनहरु वडा कार्यालयबाट प्रमाणित भई यस डोल्पोबुद्ध गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयमा प्राप्त भएको र सो सम्बन्धमा निवेदनउपर सत्यता जाँच गर्नको लागि मिति २०८३/०६/०८ गते अव्यवस्थित बसोबासीको दावी विरोध सम्बन्धी ७ दिने सूचना प्रकाशन गरिएकोमा कुनैपनि निवेदन उपर दावी विरोध नपरेकोले देहाय अनुसारका १९ जना अव्यवस्थित बसोवासी, ३ जना भूमीहिन सुकुबासी र २ जना भूमीहिन दलित सुकुबासी गरी जम्मा २४ जना घरपरिवारको निवेदन प्रमाणीकरण गरी भूमि समस्या समाधान समिति डोल्पामा पठाउने निर्णय गरियो।

तपसिल

१. डोल्पो बुद्ध गाउँपालिका वडा नं. २ का अव्यवस्थित बसोबासीः

| क्र.सं | निवेदन फारम नं. | निवेदन दर्ता (कोड) नं. | परिवारमूलीको र निजको पति/पत्निको नाम | परिवार मुलीको ना.प्र.प.नं. | सरकारी जग्गा आवाद कमोत गरेको भए जग्गाको विवरण | | | कै |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | कित्ता कोड | अनुमानित क्षेत्रफल | आवाद कमोतको अवधि | |
| 1 | AB3280771 | 2-AB13 | फूर्वा थापा भोटे / ङिमा थापा भोटे | 5823 | 2-AB1313 | 2-0-0-0 | 16 | |
| 2 | AB3280767 | 2-AB04 | याङजोम भोटे / धावा तुण्डुप गुरुङ | 3195/453 | 2-AB0404 | 1-0-0-0 | 15 | |
| 3 | AB3280760 | 2-AB12 | सुम छिरिङ भोटे / छैटेन भोटे | 143/1090 | 2-AB1212 | 0-5-0-0 | 14 | |
| 4 | AB3280745 | 2-AB07 | छिरिङ फूर्वा गरुङ / युङडुङ गुरुङ | 4227/66 | 2-AB0707 | 1-0-0-0 | 15 | |
| 5 | AB3280744 | 2-AB08 | लाप्का भोटे / पाल्जाङ लामु भोटे | 3330 | 2-AB0801 | 0-8-0-0 | 12 | |
| 6 | AB3280740 | 2-AB06 | ङिमा छिरिङ भोटे / छिरिङ टोल्मा भोटे | 469/1089 | 2-AB0606 | 1-0-0-0 | 12 | |
| 7 | AB3280710 | 2-AB09 | सोनाम भोटे / छयाङपामो गुरुङ | 57-3-019/18 | 2-AB0901 | 0-9-0-0 | 15 | |
| 8 | AB3280701 | 2-AB11 | लाक्पाक्यावो भोट / साङमो भोटे | 57-3-019/19 | 2-AB1101 | 0-10-0-0 | 15 | |

२. डोल्पो बुद्ध गाउँपालिका वडा नं. २ का भूमिहिन सुकुम्बासीः

| क्र.सं | निवेदन फारम नं. | निवेदन दर्ता (कोड) नं. | परिवारमूलीको र निजको पति/पत्निको नाम | परिवार मुलीको ना.प्र.प.नं. | सरकारी जग्गा आवाद कमोत गरेको भए जग्गाको विवरण | | | कै |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | कित्ता कोड | अनुमानित क्षेत्रफल | आवाद कमोतको अवधि | |
| १ | BS2117203 | २-BS०३ | **पेम्गा भोटे / साम्देन लागा** | ५७-३-०१९ /११७ | २-BS०३०३ | ०-८-०-० | भूमिहिन सुकुम्बासी | |
| २ | BS2117201 | २-BS०२ | **कार्मा गुरुङ/** | २-११६-२५४४ | २-BS०२०२ | ०-८-०-० | भूमिहिन सुकुम्बासी | |
| ३ | BS2117200 | २-BS०१ | **देचेन भोटे /** | ५७-३-०१९ /१३३४३ | २-BS०३०२ | ०-८-०-० | भूमिहिन सुकुम्बासी | |

प्रमुख प्रशासकीय अधिकृत

डोल्पो बुद्ध गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धो, डोल्पा
२०७३

३. डोल्पो बुद्ध गाउँपालिका वडा नं. २ का भूमिहिन दलित सुकुम्बासीः

| क्र.सं | निवेदन फारम नं. | निवेदन दर्ता (कोड) नं. | परिवारमूलीको र निजको पति/पत्निको नाम | परिवार मुलीको ना.प्र.प.नं. | सरकारी जग्गा आवाद कमोत गरेको भए जग्गाको विवरण | | | कै |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | कित्ता कोड | अनुमानित क्षेत्रफल | आवाद कमोतको अवधि | |
| १ | BD2117264 | २-BD१० | भोल्ग्याल भोटे / | ५७-१-०१९ /१३३४५ | २-BD१०१० | ०-८-०-० | भूमिहिन दलित वा सुकुम्बासी | |
| २ | BD2117216 | २-BD०५ | धावा आङमो गुरुङ/ | ५७-१-०१९ /१२१ | २-BD०५०५ | ०-८-०-० | भूमिहिन दलित वा सुकुम्बासी | |

४. डोल्पो बुद्ध गाउँपालिका वडा नं. ३ का अव्यवस्थित बसोबासीः

| क्र.सं | निवेदन फारम नं. | निवेदन दर्ता (कोड) नं. | परिवारमूलीको र निजको पति/पत्निको नाम | परिवार मुलीको ना.प्र.प.नं. | सरकारी जग्गा आवाद कमोत गरेको भए जग्गाको विवरण | | | कै |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | कित्ता कोड | अनुमानित क्षेत्रफल | आवाद कमोतको अवधि | |
| 1 | AB3280647 | 3-AB05 | तेम्पा ग्याल्जेन गुरुङ / कार्मा लामा | ५७-1-019 /9080 | 3-AB0505 | ०-८-०-० | 25 | |
| 2 | AB3280640 | 3-AB03 | कार्मा गुरुङ / लुण्डुप गुरुङ | ५७-3-019 /28 | 3-AB0303 | ०-८-०-० | 20 | |
| 3 | AB3280519 | 3-AB02 | पाल्देन हिसे लामा / | ५७-01-76-00933 | 3-AB0202 | ०-८-०-० | 29 | |
| 4 | AB3280603 | 3-AB01 | तेन्जेन नुर्बु लामा / | ५७-01-76-00310 | 3-AB011 | ०-९-०-० | 29 | |
| 5 | AB3280519 | 3-AB04 | धावजाङ गुरुङ / | ५७-3-019 /112 | 3-AB041 | ०-९-०-० | 10 | |

डोल्पो बुद्ध गाउँपालिका वडा नं. ४ का अव्यवस्थित बसोबासीः

| क्र.सं | निवेदन फारम नं. | निवेदन दर्ता (कोड) नं. | परिवारमूलीको र निजको पति/पत्निको नाम | परिवार मुलीको ना.प्र.प.नं. | सरकारी जग्गा आवाद कमोत गरेको भए जग्गाको विवरण | | | कै |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | कित्ता कोड | अनुमानित क्षेत्रफल | आवाद कमोतको अवधि | |
| 1 | AB3280858 | 4-AB03 | क्याल्जन गुरुङ / छिरिङ छोमु गुरुङ | ६०१४ | 4-AB0303 | 1-0-0-0 | 25 | |
| 2 | AB3280855 | 4-AB04 | लाप्का गुरुङ / रिन्जेन गुरुङ | ५७-3-01८ /८० | 4-AB0404 | 1-0-0-0 | 25 | |
| 3 | AB3280845 | 4-AB05 | तुण्डुप गुरुङ / तेन्डेल गुरुङ | 3698/162 | 4-AB0505 | 1-0-0-0 | 25 | |
| 4 | AB3280839 | 4-AB02 | निमा टोदु गुरुङ / छिरिङ गुरुङ | 3710/131 | 4-AB0202 | 1-0-0-0 | 18 | |
| 5 | AB3280834 | 4-AB01 | कार्मा छोइवेल गुरुङ / | 225/2698 | 4-AB0101 | 2-0-0-0 | 20 | |
| 6 | AB3280832 | 4-AB06 | डोमा छिरिङ गुरुङ / | ५७-3-018 /115 | 4-AB0606 | 515 | 30 | |

**निर्णय नं. ५-**

प्रस्ताव नं.- ५ उपर छलफल गर्दा उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, दुनै, डोल्पाको चलानी .नं. १४१ मिति २०८३/०६/१२ गतेको साझेदारीमा तालिम सञ्चालन गर्न प्रस्ताव पेश गर्ने सम्बन्धी परिपत्र प्राप्त भएको र सो सम्बन्धमा माग आवश्यकताका आधारमा देहाय अनुसारका तालिम साझेदारीमा सञ्चालन गर्ने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत

डोल्पो बुद्ध गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय धो, डोल्पा २०७३

तपसिल

| सि.नं. | तालिम | स्थान |
|---|---|---|
| १ | कुक तालिम | वडा नं. १ |
| २ | होटल व्यवस्थापन तालिम | वडा नं. ४,५, ६ |

**निर्णय नं- ६**

प्रस्ताव नं. ६ उपर छलफल गर्दा ढुवानी लागत अत्याधिक महंगो भएकोले कर्मचारीहरुलाई थप प्रोत्साहन गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउन गाउँपालिकामा कार्यरत सम्पूर्ण कर्मचारीहरुको लागि आवश्यक पर्ने खाद्यान्न ढुवानी गर्नुका साथै ग्यास नि:शुल्क उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं- ७**

प्रस्ताव नं. ७ उपर छलफल गर्दा सुरक्षित मातृशिशु कार्यक्रमलाई प्रभावकारी बनाउन तिन्जे स्वास्थ्य चौकीमा वर्थिङ सेन्टर सञ्चालन गर्न आवश्यक उपकरण र करार सेवामा जनशक्ति व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं- ८**

प्रस्ताव नं.- ८ उपर छलफल गर्दा धो प्रहरी चौकीमा कार्यरत सुरक्षाकर्मी र राष्ट्रिय वाणिज्य बैंको धो शाखामा कार्यरत कर्मचारीहरु अत्याधिक चिसो हिमाली हावापानीका कारण बिरामी हुन सक्ने सम्भावनालाई मध्येनजर गरी मिति २०८३ असोज २३ गतेदेखि कार्यरत कार्यालयबाट जिल्ला सदरमुकाम दुनै अवस्थित कार्यालयमा जानको लागि सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं- ९

प्रस्ताव नं.-९ उपर छलफल गर्दा इलाका प्रशासन कार्यालय धोमा स्थापना भइसकेको र हालसम्म सञ्चालन हुन नसकेको हुँदा गाउँपालिकाबाट इलाका प्रशासन कार्यालय सञ्चालनका लागि आवश्यक सबै पहल भइरहेको र आगामी दिनमासमेत पहल गर्न प्रतिवद्ध रहेको हुँदा यथासीघ्र इलाका प्रशासन कार्यालय सञ्चालन गरी नागरिकलाई सेवा प्रदान गर्न तालुक निकायमा अनुरोध / पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नं- १०

प्रस्ताव नं. १० उपर छलफल गर्दा नेपाल बहिरा ओलाम्पिक समिति काठमाडौको चलानी नं.३४ मिति २०८३।०५। ०४ प्राप्त पत्रानुसार नेपाल बहिरा फुटबल टिम सदस्य डोल्पा जिल्ला डोल्पोबुद्ध गाउँपालिका वडा नं. - ३, ताक्सी निवासी पाल्जङ लामाको छोरी महिला खेलाडी PA5368029 श्री निमा वाङमो लामा दक्षिण कोरियाको चाङवनमा २०२६ अक्टुबर १९- २८ सम्म आयोजना हुने पाँचौ एसियन बहिरा फुटबल च्याम्पयिनसिप २०२६ मा खेलाडीको रुपमा प्रतिनिधित्व गरी जान लाग्नु भएको र च्याम्पियन खेलमा सहभागी हुँदा लाग्ने हवाई टिकट, भिसालगायतको खर्च खेलाडीले व्यहोर्नुपर्ने, परिवारको आर्थिक अवस्था कम्जोर रहेको भनि श्री निमा वाङमो लामाले आर्थिक सहयोगको लागि आवश्यक कागजात संलग्न गरी यस गाउँपालिकामा पेश गरेको निवेदन प्राप्त हुन आएको र सो सम्बन्धमा निजको परिवारको आर्थिक अवस्था कम्जोर रहेको साथै बहिरा महिला खेलाडी अन्तराष्ट्रियस्तरको खेलमा सहभागी हुनु गाउँपालिकाको गौरवको विषय भएकोले निजलाई विविध कार्यक्रम खर्च शीर्षकबाट रु ७९१०५ । अक्षरेपी उनासी हजार एक सय पाँच रुपैयाँ आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत